जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ | अंक : २५९ | २०८२ साल बैशाख ०१ गते, मंगलबार | Tuesday, Arp.– 14 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## जगदम्बा स्टिलविरुद्ध वातावरणीय लापरवाहीको गम्भीर आरोप: सिमरामा प्रदूषणको संकट, राज्यको निष्क्रियतामाथि प्रश्न

***संवाहक सम्वादाता***-*३०चैत्र, कलैया*

बाराको जितपुर-सिमरा उपमहानगरपालिका क्षेत्रमा सञ्चालित जगदम्बा स्टिल प्रालिबाट निस्किने घना कालो धुवाँका कारण स्थानीय बासिन्दा गम्भीर रूपमा प्रभावित बनेका छन्। उद्योगले लामो समयदेखि वातावरणीय मापदण्डको पालना नगरेको आरोप स्थानीयस्तरमा उठ्दै आएको छ।

स्थानीयवासीका अनुसार उद्योगको चिम्नीबाट निस्किने धुवाँ र धुलोका कणले सिमरा आसपासको वातावरण दिनप्रतिदिन दूषित बन्दै गएको छ। बिहान-साँझको समयमा धुवाँ बढी फैलिने भएकाले श्वासप्रश्वासमा समस्या, आँखा पोल्ने, टाउको दुख्ने जस्ता स्वास्थ्य समस्या बढ्दै गएको उनीहरूको भनाइ छ। विशेषगरी बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरू बढी प्रभावित भएको स्थानीयले बताएका छन्।



हालै नेकपा एमालेका प्रदेश कमिटी सचिव तथा स्थानीय अधिकारकर्मी मनोज पौडेलले सामाजिक सञ्जालमार्फत उद्योगबाट निस्किएको घना कालो धुवाँको भिडियो सार्वजनिक गरेपछि यो विषय पुनः चर्चामा आएको छ। उनले उद्योगको वातावरणीय प्रभाव र प्रदूषण नियन्त्रणमा सम्बन्धित निकायको मौनताप्रति प्रश्न उठाउँदै स्थानीयको पीडा सार्वजनिक गरेका छन्।

स्थानीय स्तरमा उद्योगले प्रदूषण नियन्त्रणका उपकरण जडान गरेको दाबी गरे पनि ती उपकरणहरू नियमित रूपमा सञ्चालनमा नआएको आरोप पनि छ। अनुगमनका समयमा मात्र उपकरण चलाइने र अन्य समयमा निष्क्रिय राखिने गरेको गुनासो स्थानीयले व्यक्त गरेका छन्। यसले उद्योगले वातावरणीय मापदण्डलाई व्यवहारमा पालना नगरेको आशंका थप बलियो बनाएको छ।

यस्तै, प्रदूषणको असर केवल मानव स्वास्थ्यमा मात्र सीमित नभई आसपासको वातावरणीय सन्तुलनमा समेत असर पारिरहेको बताइन्छ। स्थानीयले सिमरा विमानस्थल आसपासको हवाई सुरक्षामा समेत धुवाँले असर पार्न

बाँकी तेस्रो पृष्ठमा

## प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमण अझै अनिश्चित : परराष्ट्रमन्त्री खनाल





३० चैत्र, काठमाडौं।

परराष्ट्रमन्त्री शिशिर खनालले प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणको मिति हालसम्म तय नभएको स्पष्ट पारेका छन्। हिन्द महासागरसम्बन्धी सम्मेलनमा सहभागी भई स्वदेश फर्किने क्रममा त्रिभुवन विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले भ्रमणका लागि आवश्यक प्राविधिक तयारीहरू पूरा भए पनि मिति टुंगो लाग्न बाँकी रहेको बताए।

मन्त्री खनालका अनुसार नयाँ सरकारका प्राथमिकता निर्धारण भएपछि मात्र प्रधानमन्त्री शाहको भारत भ्रमण अघि बढाइनेछ। उनले नेपाल-भारत दुवै देशका सम्बन्धित मन्त्रालयका प्राविधिक संयन्त्रले आवश्यक तयारी पूरा गरिसकेपछि मात्र औपचारिक भ्रमण सम्भव हुने स्पष्ट पारे। प्रधानमन्त्रीमा नियुक्त हुनेबित्तिकै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई सन्देशमार्फत भारत भ्रमणको निमन्त्रणा दिएको पनि उनले स्मरण गराए। साथै, मौरिससमा भारतीय विदेशमन्त्री एस. जयशङ्करसँगको भेटमा समेत उच्चस्तरीय राजनीतिक भ्रमणका विषयमा छलफल भएको जानकारी दिए। सरकारले कूटनीतिक तयारी अघि बढाइरहे पनि प्रधानमन्त्रीको भारत भ्रमणको औपचारिक मिति भने अझै सार्वजनिक भएको छैन।

## जेन-जी अभियन्ताद्वारा मानव अधिकार आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग

***३० चैत्र, काठमाडौं।***

राष्ट्रिय जेन-जी नागरिक अभियानका अभियन्ताहरूले जेन-जी आन्दोलनसँग सम्बन्धित प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गर्दै राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण गराएका छन्। उनीहरूले आयोगका अध्यक्ष तप बहादुर मगरलाई भेटी औपचारिक ज्ञापनपत्र बुझाउँदै प्रतिवेदन गोप्य राख्ने वा ढिलाइ गर्ने कार्यप्रति गम्भीर आपत्ति जनाएका हुन्।

अभियन्ताहरूको टोलीले आयोगको केन्द्रीय कार्यालय पुगेर प्रतिवेदन सार्वजनिक गर्नुपर्ने आवश्यकतामाथि जोड दिएको छ। उनीहरूले मानव अधिकारसँग



सम्बन्धित अनुसन्धान प्रतिवेदन जनताको सरोकारको विषय भएकाले पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्ने बताएका छन्। ज्ञापनपत्रमा जेन-जी आन्दोलनका क्रममा भएका घटनाहरू, त्यससँग जोडिएका मानव अधिकार उल्लङ्घनका आरोपहरू तथा राज्य पक्षको भूमिकाबारे गरिएको अध्ययन र निष्कर्ष सार्वजनिक हुनुपर्ने उल्लेख गरिएको छ। अभियन्ताहरूका

बाँकी तेस्रो पृष्ठमा

## नयाँ वर्ष २०८३: उत्साह, इतिहास र नेपाली जीवनशैलीसँग जोडिएको विक्रम संबतको परम्परा

***“नेपालभर विक्रम संवत् २०८३ को भव्य स्वागत गरिएको छ। नयाँ वर्षको अवसरमा देशभर घुमघाम, पिकनिक र शुभकामना आदान-प्रदान गरी नागरिकहरूले उत्साहका साथ मनाएका छन्। यसले पर्यटन र सामाजिक मेलमिलापलाई समेत बढावा दिएको छ। ”***



नेपालभर विक्रम संवत् २०८३ को भव्य स्वागतसँगै देश उत्साह, उमङ्ग र नयाँ आशाले भरिएको छ। वैशाख १ गतेदेखि सुरु हुने नेपाली नयाँ वर्ष केवल क्यालेन्डर परिवर्तनको दिन मात्र होइन, सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा समेत विशेष महत्व बोकेको राष्ट्रिय उत्सव हो। वि.सं. २०८२ लाई विदा गर्दै देशभरका नागरिकहरू २०८३ लाई हर्ष, शुभकामना आदान-प्रदान, घुमघाम र पारिवारिक भेटघाटका साथ स्वागत गरिरहेका छन्।

नेपालमा प्रचलित विक्रम संवत् एक प्राचीन कालगणना प्रणाली हो, जसको ऐतिहासिक सम्बन्ध उज्जैनका राजा विक्रमादित्यसँग जोडिन्छ। परम्परागत मान्यताअनुसार करिब ५७ ईसा पूर्वमा शकहरू माथि विजयपछि यो संवत् सुरु गरिएको मानिन्छ। यही आधारमा आजको विक्रम संवत् गणना गरिन्छ, जसले नेपालमा राष्ट्रिय पात्रोको रूपमा औपचारिक मान्यता पाएको छ।

नेपालमा विक्रम संवत् एकैचोटि स्थापित नभई ऐतिहासिक चरणहरू पार गर्दै विकसित भएको देखिन्छ। लिच्छवि कालदेखि नै विभिन्न पञ्चाङ्गीय प्रणाली प्रयोगमा रहे पनि समयक्रमसँगै विक्रम संवत्को प्रयोग धार्मिक, सांस्कृतिक र प्रशासनिक कार्यमा बढ्दै गयो। विशेष गरी पृथ्वीनारायण शाहको एकीकरणपछि समय व्यवस्थापनमा एकरूपता ल्याउने प्रयासले यसलाई अझ व्यापक बनायो। पछि राणा शासनकालमा सरकारी कागजात, अदालत र प्रशासनिक प्रणालीमा विक्रम संवत् अनिवार्य रूपमा प्रयोग हुन थालेपछि यो राष्ट्रिय स्तरमा स्थापित भयो।

आजको नेपालमा विक्रम संवत् राष्ट्रिय पात्रोको रूपमा पूर्ण रूपमा प्रयोग हुन्छ। सरकारी कामकाज, विद्यालय, बैंकिङ प्रणालीदेखि लिएर चाडपर्वहरूको मिति निर्धारणसम्म यसै संवत्को आधार लिइन्छ। प्रत्येक वर्ष वैशाख १ गते नयाँ वर्षको रूपमा मनाइने परम्परा नेपाली समाजमा नयाँ सुरुवात, आशा र सकारात्मक ऊर्जाको प्रतीक बनेको छ।

नयाँ वर्षको अवसरमा देशभर विशेष चहलपहल देखिन्छ। परिवार, साथीभाइ र इष्टमित्रसँग भेटघाट, शुभकामना आदान-प्रदान, तथा सामूहिक भोज गर्ने परम्परा व्यापक छ। माछामासु, मिठा परिकार र पेय पदार्थसहितको रमाइलो जमघटले सामाजिक सम्बन्धलाई अझ बलियो बनाउँछ। साथै यो समय आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पनि महत्वपूर्ण मानिन्छ।

देशका प्रमुख पर्यटकीय गन्तव्यहरू जस्तै पोखरा, काठमाडौं, चितवन, लुम्बिनी र इलाम मा आन्तरिक पर्यटकहरूको घुइँचो देखिन्छ। पिकनिक, घुमघाम र प्राकृतिक सौन्दर्य अवलोकनले नयाँ वर्षलाई थप रमाइलो बनाएको छ। यसले होटल, यातायात र रेष्टुरेन्ट व्यवसायमा समेत आर्थिक चलायमानता बढाएको छ।

सरकारले पनि वैशाख १ गते सार्वजनिक बिदा दिँदै नागरिकलाई

बाँकी तेस्रो पृष्ठमा



## नववर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण पाठकवर्ग, शुभेच्छुक, सञ्चारकर्मी तथा स्वदेश-विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। नववर्षले सबैको जीवनमा सुख, शान्ति, स्वास्थ्य, समृद्धि र नयाँ ऊर्जा ल्याओस्। साथै, सत्य र निष्पक्ष सूचनामार्फत सञ्चारक्षेत्र अझ विश्वसनीय, जिम्मेवार र जनमुखी बन्दै समाजमा सकारात्मक परिवर्तनको आधार बन्न सकोस्। आपसी सद्भाव, एकता र सहकार्यसहित उज्ज्वल भविष्यतर्फ अघि बढ्ने प्रेरणा मिलोस्।



*पन्नालाल दास*
*उपाध्यक्ष, नेपाल पत्रकार महासंघ बारा*
*एवम् प्रकाशक/सम्पादक*
*संवाहक राष्ट्रिय दैनिक परिवार*

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानूनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज



## सम्पादकीय .......

### फुटपाथ खाली गर्ने प्रयास : निरन्तरता र दीर्घकालीन व्यवस्थापन आवश्यक

कलैया बजारमा प्रहरी र नगरपालिकाको संयुक्त पहलमा गरिएको फुटपाथ अतिक्रमण हटाउने अभियान सकारात्मक कदमका रूपमा लिनुपर्छ। सार्वजनिक सडक र फुटपाथ पैदल यात्रुका लागि सुरक्षित र सहज हुनुपर्ने आधारभूत शहरी सिद्धान्त हो। तर, वर्षौंदेखि अनियन्त्रित रूपमा फैलिएको अतिक्रमणले कलैयाजस्ता व्यस्त बजार क्षेत्रमा पैदल हिँड्नै कठिन बनेको यथार्थ लुकाउन सकिँदैन। यसपटकको कारबाही शान्तिपूर्ण रूपमा सम्पन्न हुनु आफैंमा उल्लेखनीय पक्ष हो। यसले प्रशासन र सुरक्षाकर्मीबीच समन्वय प्रभावकारी रहेको संकेत गर्छ। तर, यस्ता अभियानहरू प्रायः क्षणिक हुने र केही दिनपछि पुनः उस्तै अवस्था दोहोरिने विगतको अनुभव पनि उत्तिकै ताजा छ। त्यसैले प्रश्न उठ्छ–यो अभियान कति दीर्घकालीन हुन्छ? फुटपाथ अतिक्रमणको समस्या केवल कानुनी कारबाहीले मात्र समाधान हुने विषय होइन। यसमा आर्थिक, सामाजिक र व्यवस्थापनसम्बन्धी पाटा जोडिएका छन्। धेरै साना व्यवसायीहरू जीविकोपार्जनका लागि सडक किनारामा निर्भर छन्। त्यसैले विकल्पविहीन हटाउने नीति दीर्घकालीन रूपमा दिगो हुन सक्दैन। नगरपालिकाले वैकल्पिक बजार, व्यवस्थित स्टल वा निश्चित क्षेत्र निर्धारण गरी साना व्यवसायीलाई व्यवस्थापन गर्ने पहल गर्न आवश्यक छ। त्यस्तै, ट्राफिक व्यवस्थापन, पार्किङको अभाव, र अनियन्त्रित शहरी विस्तारले पनि अतिक्रमणलाई बढावा दिएको छ। यदि यी मूल समस्याहरू समाधान गरिएन भने फुटपाथ खाली गराउने प्रयास बारम्बार दोहोरिने 'अभियान'मै सीमित रहनेछ। यस सन्दर्भमा, स्थानीय प्रशासनले कडाइका साथै संवेदनशीलता अपनाउनुपर्छ। नियमको पालना गराउने दायित्व राज्यको हो, तर नागरिकको जीविकालाई पनि सन्तुलित रूपमा सम्बोधन गर्नु आवश्यक छ। जनचेतना अभिवृद्धि, नियमित अनुगमन र दीर्घकालीन शहरी योजना बिना समस्या समाधान सम्भव छैन। अन्ततः, कलैयामा सुरु भएको यो अभियानलाई स्थायी उपलब्धिमा रूपान्तरण गर्न प्रशासन, व्यवसायी र सर्वसाधारणबीच सहकार्य अपरिहार्य छ। फुटपाथ फिर्ता गर्ने प्रयास स्वागतयोग्य छ, अब यसको निरन्तरता र व्यवस्थापनमा नै सफलता निर्भर रहनेछ।

# उच्च कार्यसम्पादन अबको ध्येय

निर्वाचन परिणामले जनताले सात दशकसम्म अथक सङ्घर्ष गरेर स्थापित लोकतान्त्रिक व्यवस्था मासेर परिवारकेन्द्रित आनुवंशिक प्रणाली पुनर्स्थापना गर्नु पर्छ भन्ने माग ठाडै इन्कार गरेको छ। बरु जेनजी विद्रोहले पहिलो नम्बरमा राखेको सुशासनको एजेन्डाले निर्वाचनमार्फत पुनः जितेको छ; यो कुनै पार्टीको जितभन्दा पनि जनताको जित हो।






मोहन नेपाली

नेपाली जनताले धेरै पटक निराश र उदासीन हुने अभ्यास गरिसकेका छन् । जनता मानसिक नैराश्यमा रहँदा उनीहरूको असीमित ऊर्जा खेर जान्छ, राष्ट्रको उत्पादकत्व घट्छ र निर्बलता बढ्छ । अब नेपाली जनता पुनः निराशा र उदासीनताको सिकार हुन चाहँदैनन् । जनताको प्रगतिका लागि काम र जिम्मा दिनूस् गरेर देखाउँछौँ भन्ने राष्ट्रिय स्वतन्त्र पार्टीलाई ६७ वर्षपछिकै सबैभन्दा बढी मत दिएर जिम्मा लगाएका छन् । यस मतपरिणामलाई उक्त पार्टीले जिम्मेवारीको भारीका रूपमा लिँदै काम नगरी विजयोत्सवसमेत नमनाउने बताउनुले जेनजी विद्रोहको गम्भीरतालाई जनाउँछ।

यो प्रियतावादको प्रभावका कारणले मात्र आएको मत नभई स्पष्ट रूपमा परिवर्तन र सुशासनको खोजीमा आएको मत हो । जुन आक्रोश भ्रष्टाचारविरुद्ध भदौ २३ र २४ मा भएको जेनजी विद्रोहमा आमजनमानसले प्रदर्शन गरेको थियो, त्यसकै जगमा सम्पन्न यो चुनावको परिणाममा पनि मूलतः त्यसकै प्रतिविम्ब दर्शिन्छ । जेनजी विद्रोहको आलोकमा निर्वाचित नयाँ पार्टीका नयाँ सांसदले आफ्नो भूमिकालाई हल्काफुल्का ढङ्गले लिने कल्पना गरिन्न । अनुभवभन्दा पनि जनता र राष्ट्रको बृहत् कल्याणमा हुने मानसिक एकाग्रता ठुलो कुरा हो । नैतिक इमानद्वारा सुसज्जित नियत, असल नियतले निर्माण गर्ने नीति र त्यस्तो नीतिको तीव्र कार्यान्वयनबाट नेपाली समाज उचाइमा पुग्ने अवस्थाको अपेक्षा हो ।

अनेक समस्या र परिस्थिति सामना गरेर, अध्ययन अनुसन्धान गरेर, पूर्वअनुभवीबाट ध्यानपूर्वक सिकेर, वैज्ञानिक विधिद्वारा नवप्रवर्तनात्मक प्रयोग र परीक्षण गरेर अनुभव प्राप्त हुने छ । ०७ सालमा नेपाली कांग्रेस र कम्युनिस्ट पार्टी कहाँ अनुभवी थिए र ? हो, त्यसबेलादेखि अहिलेसम्म प्राप्त तितामिठा अनुभवबाट पनि नवप्रवेशी राजनीतिककर्ताले सिक्न खोजे भने त्यो पनि आफैँमा विशाल तथा लाभकारी अन्वेषण हुने छ । यसको अलावा नयाँ सरकारले निश्चित हदसम्म नैसर्गिक विधि पनि अपनाउनुपर्ने छ- गर्दै गर्दै सिक्ने, सिक्दै सिक्दै गर्ने, सिक्ने तरिका सिक्ने र सिकिसकेको गलत कुरालाई मेट्ने तरिका पनि सिक्ने । यसो गर्दा नेपालमा 'प्याराडाइम सिफ्ट' अर्थात् प्रतिमान परिवर्तनले पनि ठोस रूपमा आकार ग्रहण गर्ने छ । लघुताभास मनमा पालेर अगाडि सर्ने आँट नगर्ने वा विनम्रतापूर्वक सिक्न नखोजी नजाने पनि जानेको जस्तो देखाउन खोज्दा पुरानो प्रवृत्तिले निरन्तरता पाउने र लोकतन्त्रको ऐतिहासिक नवीकरण तात्विक ढङ्गले हुनुको साटो सतही प्रक्रियामा मात्र सीमित हुने छ । खोज, अनुसन्धान र संवादको संस्कृति प्रवर्धन गर्नु सदावहार आवश्यकता हो ।

विगतमा कर्मचारीतन्त्रको गतिमा सरकार हिँड्नुपर्थ्यो भने अब युवाले भरिएको ऊर्जावान सरकारको गतिमा कर्मचारीतन्त्र हिँड्नुपर्ने स्थिति आएको छ । यसले नेपालको राजनीतिक इतिहासमा प्रतिमान परिवर्तनको प्रबल सम्भावनालाई इङ्गित गर्छ । निकट विगतसम्म पनि जनताले सरकारको कुरो सुनेर थाक्ने स्थिति थियो भने अब सरकारले जनतालाई निरन्तर सुन्नुपर्ने छ । त्यसै भनिएको होइन, जनतै सबैभन्दा ठुलो विश्वविद्यालय हो । अबको ध्यान जनतामै केन्द्रित गर्नुपर्ने जबर्जस्त स्थिति निर्माण जेनजी विद्रोहपछिको चुनावी परिणामले गरिदिएको छ । राजनीति तब राजनीति जस्तै बन्ला, जब सरोकारवाला पक्षको नियत र व्यवहारमा सकारात्मक परिवर्तन आउँछ । सबै राष्ट्रिय दलका भुइँतहको कार्यकर्ता एवं समर्थकमाझ पनि संस्कारयुक्त राजनीतिक सञ्चारनिम्ति विशेष मेहनत गर्नुपर्ने छ ।

निर्वाचनले नेपाली जनताको गहिरो असन्तुष्टि, आक्रोश र सुशासनको भोक दर्शाउने परिणाम दिएको छ । लामो समयदेखि सञ्चित आमअसन्तुष्टिको राजनीतिक अभिव्यक्तिका रूपमा आएको निर्वाचन परिणामले राष्ट्रिय स्वतन्त्र पार्टीलाई धेरै गहुँगो भारी बोकाइदिएको छ । नागरिकसँग करार गरेको यस दलले नागरिकलाई नै हरदम साक्षी राखेर काम गर्नुपर्ने भएको छ । जनताले मत मात्र परिवर्तन गरेको अर्थमा बुझ्नु पनि पर्याप्त हुन्न । नेतृत्वको राजनीतिक संस्कृतिमा परिवर्तन खोजिरहँदा जनता स्वयम्मा पनि आ-आफ्नो तहमा राजनीतिक एवं सांस्कृतिक परिवर्तन आउने अपेक्षा गरिन्छ ।

सरकारले जेनजी विद्रोहले स्थापित गणतान्त्रिक व्यवस्थालाई सुशासनको माध्यमबाट थप सुदृढ पार्ने स्पष्ट लक्ष्य राखेको छ । नघुमाई भन्ने हो भने भ्रष्टाचारको दलदलमा फँसेर भास्सिनै आँटेको लोकतान्त्रिक गणतन्त्रलाई जेनजी विद्रोहले आपत्कालीन उद्धार गरेको हो । जेनजी विद्रोहलाई दुरुपयोग गरेर लोकतान्त्रिक गणतन्त्रलाई ध्वस्त पारी झन् दक्षिणपन्थी उग्रवादतिर देशलाई लैजाने प्रयासलाई त्यतिखेरै विफल पारिएको थियो । निर्वाचनको परिणामले त झन् जनताले सात दशकसम्म अथक सङ्घर्ष गरेर स्थापित गरेको लोकतान्त्रिक व्यवस्थालाई मासेर परिवारकेन्द्रित आनुवंशिक प्रणाली पुनर्स्थापना गर्नु पर्छ भन्ने मागलाई ठाडै इन्कार गरेको देखिन्छ । बरु जेनजी विद्रोहले पहिलो नम्बरमा राखेको सुशासनको एजेन्डाले निर्वाचनमार्फत पुनः जितेको छ; यो कुनै पार्टीको जितभन्दा पनि जनताको जित हो । अब समग्र देशले सुशासनका निम्ति काम गर्नुपर्ने दायित्व बढेको छ । भारी बहुमतसहित सत्ता सञ्चालक बन्न पुगेको दल रास्वपाको त झनै बढी दायित्व हुनु स्वाभाविकै हो । अबको ध्यान उच्च र तीव्र कार्यसम्पादनमा हुनु जरुरी छ किनकि यसमै जेनजी विद्रोहको मूल मर्म निहित छ ।

उच्च र तीव्र कार्यसम्पादनका लागि सुरुदेखि नै सुशासन, पारदर्शिता र जवाफदेहिताको पालनामा सजग रहनु महत्वपूर्ण हुन्छ । यसै सन्दर्भमा आफ्नी पत्नीलाई स्वास्थ्य बिमा बोर्डमा पुनर्नियुक्ति गर्न पदीय प्रभाव प्रयोग गरेको भन्ने आधारमा श्रममन्त्री दीपककुमार साहलाई सरकारले पदबाट मुक्त गरेको दृष्टान्त सराहनीय छ । कुशासन, अपारदर्शिता र गैरजवाफदेहिताभित्रै भ्रष्टाचार, घोटाला, बिचौलेकरण र चरम महँगी जस्ता गम्भीर समस्याका जरा निहित हुने हुँदा यिनको सामना गर्न नेतृत्व तहको सफा नियत मात्र पनि पर्याप्त हुँदैन । लामो समयदेखि विषाक्तीकरणको सिकार भएका राज्यका सबै निकायमा क्रियाशील जनशक्तिको गुणात्मक रूपान्तरण एक अपरिहार्य तत्व हो, जसले वर्तमान सरकारको कार्यसम्पादनलाई गहिरो रूपमा प्रभाव पार्ने छ ।

कार्यसम्पादनको गुणस्तर वास्तवमा जनताको दैनिक जीवनको स्थितिमा झल्किने विषय हो । बजारमा चरम महँगी हुँदा र सार्वजनिक सेवा प्रवाहमा सुस्पष्ट प्रणालीको सट्टा बिचौलेवृत्तको प्रभाव हाबी भएका कारण बहुसङ्ख्यक श्रमजीवी नेपालीका लागि स्वदेशमै श्रम गरेर बाँच्न कठिन भएको तथ्य नौलो होइन । सर्वत्र तैरिरहेको यो सत्य सन्देशले दैनिक जनजीवन उकास्न दिशाबोध गर्छ ।

जनताको दैनिक जीवन कस्तो भइरहेको छ भन्ने नै लोकतन्त्रको पहिलो मापदण्ड हो । बजार जसको नियन्त्रणमा हुन्छ, उसकै शक्ति हाबी हुन्छ । तहतहमा अपारदर्शी बिचौले सञ्जाल हाबी भएको अवस्थामा महँगी चुलिन्छ र जनताले यातना भोग्छन् । आधारभूत आवश्यकता पूर्ति गर्न पनि खाडी मुलुकमा लाखौँको सङ्ख्यामा युवा ओइरिनुपर्ने स्थितिले हाम्रो अराजक बजारलाई इङ्गित गर्छ । जनताको आयस्तर र बजार भाउबिच न्यायोचित सन्तुलन कायम राख्न नसकिएमा आधारभूत आवश्यकता पूर्ति गरेर बाँच्न पाउने जनताका अधिकासमेत कुण्ठित हुन पुग्छ ।

शक्तिशाली जनादेश प्राप्त एकल बहुमतको नयाँ सरकार कठोर चुनौती र उच्च उपलब्धिका अपेक्षाले घेरिनु अस्वाभाविक छैन । यस्तो अवस्थामा नेपाली समाजको लामो समयदेखिको विगतकेन्द्रित प्रतिक्रियामुखी तथा तदर्थवादी मनोबनोटलाई वर्तमानकेन्द्रित अग्रसक्रिय मनोबनोटमा रूपान्तरण गर्ने सजग चिन्तन चाहिन्छ । सुशासनका मापदण्डलाई कडाइपूर्वक लागु गर्दै प्रमुखतः शिक्षा र स्वास्थ्य क्षेत्रमा जनपक्षीय दृष्टिले व्यापक रूपान्तरण गर्ने नीतिले उच्च प्राथमिकता पाउनु पर्छ किनकि यसबाटै जागरुक, क्षमतावान र उत्पादनशील मानव पुँजीको तीव्रत्तर निर्माण हुन्छ र राष्ट्रिय उत्पादकत्वमा आश्चर्यजनक प्रगति हुन्छ । दोस्रो विश्वयुद्धपछि जुन जुन राष्ट्रले शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकता दिए तिनैले हरेक क्षेत्रमा तीव्र प्रगति गरेका छन् । जुन जुन राष्ट्र अदक्ष र कलिलो युवा जनशक्तिको निर्यातमा अल्झिए, ती सधैँ पछाडि पर्दै आएका छन् । नयाँ सरकार नियत, नीति र नियतिबिचको अन्तरसम्बन्धको महसुसीकरणसहित सुशासनको जगमा टेकेर अघि बढेमा उच्च कार्यसम्पादनले जनताको जीवनमा उल्लेखनीय रूपमा सकारात्मक परिवर्तन आउने निश्चित छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानलाई हतियार दिएको आरोपमा चीनको आक्रामक प्रतिक्रिया

***बेइजिङ, चैत ३० गते।***
इरानलाई हतियार आपूर्ति गरेको आरोपलाई चीनले ठाडै अस्वीकार गर्दै त्यसलाई 'आधारहीन र दुर्भावनापूर्ण' भनेको छ। अमेरिकी चेतावनी र अन्तर्राष्ट्रिय मिडियामा आएका रिपोर्टबिच बेइजिङले आफू जिम्मेवार निर्यात नीति पालना गर्ने मुलुक भएको पुनः दोहोऱ्याएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनले इरानलाई सैन्य सहायता उपलब्ध गराएमा ५० प्रतिशतसम्मको नयाँ कर लगाउने चेतावनी दिनुभएको थियो। उहाँको यो अभिव्यक्ति अमेरिकी सञ्चारमाध्यमले चीनले निकट भविष्यमा इरानलाई हवाई रक्षा प्रणाली उपलब्ध गराउने तयारी गरेको दाबी गरेका बेला आएको हो। सिएनएनले अमेरिकी गुप्तचर स्रोत उद्धृत गर्दै चीनले आगामी केही साताभित्र इरानतर्फ उन्नत रक्षा प्रणाली पठाउन सक्ने सङ्केत गरेको जनाएको थियो। यसैबिच, दी न्युयोर्क टाइम्सले पनि बेइजिङले काँधमा बोकेर प्रहार गर्न सकिने मिसाइल पठाइसकेको हुन सक्ने आशङ्का सार्वजनिक गरेको थियो। यी सबै आरोपको जवाफ दिँदै चीनले सोमबार आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको हो।



विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले नियमित पत्रकार सम्मेलनमा चीनले सैन्य सामग्रीको निर्यातमा सधैँ कडा नियन्त्रण र जिम्मेवारीपूर्ण नीति अपनाउने बताउनुभयो। "हामी आधारहीन धब्बा र दुर्भावनापूर्ण आरोपको कडा विरोध गर्छौं", उहाँले भन्नुभयो। चीनले आफ्नो निर्यात नियन्त्रण कानुन र अन्तर्राष्ट्रिय दायित्व अनुसार हतियार आपूर्तिमा कडाइ गर्ने नीति कायम रहेको स्पष्ट पारेको छ।

यसले आफू कुनै पनि प्रकारको गैरजिम्मेवार सैन्य हस्तक्षेपमा संलग्न नभएको सङ्केत दिन खोजेको देखिन्छ। यद्यपि चीन र इरानबीच घनिष्ठ आर्थिक सम्बन्ध रहेको छ। चीन इरानको प्रमुख तेल खरिदकर्ता हो, जसले तेहरानको ऊर्जा निर्यातमा महत्त्वपूर्ण भूमिका खेलेको छ। तर विश्लेषकका अनुसार यी दुई देशबिच औपचारिक सैन्य गठबन्धन भने छैन, र उनीहरूको सम्बन्ध मुख्यतः आर्थिक तथा रणनीतिक स्वार्थमा आधारित रहेको मानिन्छ। साथै, चीनले खाडी क्षेत्रका अन्य देशसँग पनि सुदृढ आर्थिक सम्बन्ध कायम राख्दै आएको छ। इरानले युद्धका क्रममा ती देशमाथि गरेको आक्रमणप्रति चीनले आलोचना समेत गर्दै आएको छ, जसले बेइजिङ सन्तुलित कूटनीति अपनाउन खोजिरहेको सङ्केत गर्छ।

## इरानमा १६०० बढीलाई मृत्युदण्ड

***पेरिस, चैत ३० गते।***
इरानमा सन् २०२५ मा मृत्युदण्डको प्रयोग चिन्ताजनक रूपमा तीव्र भएको पाइएको छ। दुई अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाका अनुसार उक्त वर्ष कम्तीमा एक हजार ६३९ जनालाई मृत्युदण्ड दिइएको छ। यो सन् १९८९ पछिकै उच्च सङ्ख्या हो र यसले राज्यद्वारा दमनको औजारका रूपमा मृत्युदण्ड प्रयोग भइरहेको सङ्केत गरेको छ।




नर्वेमा आधारित इरान मानव अधिकार (आइएचआर) र पेरिसस्थित टुगेदर एगेन्स्ट द डेथ पेनाल्टी (इसिपिएम) ले सार्वजनिक गरेको संयुक्त प्रतिवेदन अनुसार यो सङ्ख्या अघिल्लो वर्ष २०२४ को तुलनामा ६८ प्रतिशतले बढी हो। सन् २०२४ मा ९७५ जनालाई मृत्युदण्ड दिइएको थियो। मृत्युदण्ड दिइएकामध्ये ४८ जना महिला पनि रहेका छन्। यो पछिल्लो दुई दशकयताकै उच्च सङ्ख्या हो।

प्रतिवेदनले उल्लेख गरेअनुसार दैनिक औसत चारभन्दा बढी व्यक्तिलाई फाँसी दिइएको देखिन्छ, र यो तथ्याङ्क 'न्युनतम अनुमान' मात्र भएको जनाइएको छ, किनभने धेरै घटना आधिकारिक रूपमा सार्वजनिक हुँदैनन्। आइएचआरले मृत्युदण्ड पुष्टि गर्न दुई स्वतन्त्र स्रोत आवश्यक पर्ने नीति अपनाउँदै आएको छ।

विश्लेषकका अनुसार सन् २०२५ को यो वृद्धि केवल आपराधिक कारबाही मात्र नभई राजनीतिक सन्देश पनि हो। आइएचआरका निर्देशक महमुद अमीरी-मोघद्दमले भन्नुभयो, "दैनिक चारदेखि पाँच मृत्युदण्डमार्फत डरको वातावरण सिर्जना गरेर सरकारले सम्भावित विरोधलाई दबाउने प्रयास गरेको देखिन्छ।"

प्रतिवेदनले जनवरी २०२६ मा भएको विरोध प्रदर्शनपछि अवस्था झनै गम्भीर बन्न सक्ने चेतावनी दिएको छ। अधिकारकर्मीका अनुसार सयौँ प्रदर्शनकारी हिरासतमा छन् र उनीहरूलाई गम्भीर आरोप लगाएर मृत्युदण्डसम्मको जोखिममा राखिएको छ। यसअघि पनि त्यस्ता प्रदर्शन कडा दमनका साथ नियन्त्रण गरिएको र हजारौँ मानिस मारिएको तथा दशौँ हजार पक्राउ परेका दाबी गरिएको छ।

फेब्रुअरी २८ देखि सुरु भएको इजरायल र अमेरिका विरुद्धको युद्धकै क्रममा पनि इरानले मृत्युदण्डको प्रक्रिया रोकेको छैन। प्रतिवेदन अनुसार जनवरीको विरोधसँग सम्बन्धित सात जनालाई फाँसी दिइएको थियो, जसमा प्रतिबन्धित विपक्षी समूह 'पिपुल्स मुजाहिदीन अफ इरान' का सदस्यहरू र एक दोहोरो इरानी-स्विडिस नागरिकसमेत परेका छन्
इसिपिएमका कार्यकारी निर्देशक राफेल चेनुइल-हाजानले मृत्युदण्डलाई 'राजनीतिक नियन्त्रणको औजार' का रूपमा प्रयोग गरिएको आरोप लगाउनुभयो। उहाँका अनुसार विशेष गरी कुर्द र बलुचजस्ता जातीय तथा धार्मिक अल्पसङ्ख्यक यसबाट असमान रूपमा प्रभावित भएका छन्। मृत्युदण्ड दिइएकामध्ये करिब आधा व्यक्ति लागु औषध सम्बन्धी अपराधमा दोषी ठहरिएका थिए।

महिला मृत्युदण्डको सन्दर्भमा ४८ मध्ये २१ जना आफ्ना पति वा मङ्गेतरको हत्या अभियोगमा दोषी ठहरिएका थिए। अधिकार समूहले तीमध्ये धेरै महिला हिंसात्मक वा दुर्व्यवहारपूर्ण सम्बन्धमा रहेको दाबी गरेका छन्। प्रतिवेदनले सन् २०२५ मा सार्वजनिक फाँसीको सङ्ख्या पनि बढेको उल्लेख गरेको छ। अधिकांश मृत्युदण्ड जेलभित्रै कार्यान्वयन गरिए पनि सार्वजनिक रूपमा दिइने फाँसी तीन गुणा बढेर ११ पुगेको छ। इरानको कानुनले मृत्युदण्डका विभिन्न तरिका अनुमति दिए पनि पछिल्ला वर्षमा सबैजसो सजाय फाँसीमार्फत कार्यान्वयन हुँदै आएको छ। मानवअधिकार सङ्गठनका अनुसार इरान विश्वमै प्रतिव्यक्ति आधारमा सबैभन्दा बढी मृत्युदण्ड दिने मुलुकमध्ये एक हो। दोस्रो स्थानमा चीन पर्ने दाबी गरिएको छ, यद्यपि चीनका तथ्याङ्क सार्वजनिक रूपमा उपलब्ध छैनन्।

## जगदम्बा ...

सक्ने चिन्ता व्यक्त गरेका छन्। साथै, नजिकै रहेको वन्यजन्तु आरक्ष क्षेत्रको जैविक विविधता समेत जोखिममा परेको उनीहरूको दाबी छ।
यस विषयमा उद्योग प्रशासनले भने वातावरणीय मापदण्डअनुसार आवश्यक उपकरणहरू जडान गरिएको र सञ्चालनमा रहेको दाबी गर्दै आएको छ। तर, स्थानीयस्तरमा उठेका निरन्तर गुनासोले वास्तविक प्रभावकारी कार्यान्वयनमाथि प्रश्न उठाइरहेको छ।
स्थानीय बासिन्दाले सम्बन्धित सरकारी निकाय, वातावरण विभाग र स्थानीय प्रशासनलाई तत्काल प्रभावकारी अनुगमन गर्न माग गरेका छन्। उनीहरूले नियमित निगरानी, प्रदूषण नियन्त्रणको कडाइ, र मापदण्ड उल्लङ्घन भए कडा कारबाही गर्नुपर्ने आवश्यकता औँल्याएका छन्।
स्थानीयको भनाइमा अब केवल औपचारिक निरीक्षण र आश्वासनले समस्या समाधान नहुने भएकाले दीर्घकालीन र कडा नीति कार्यान्वयन आवश्यक छ।

## नयाँ वर्ष...

पारिवारिक समय बिताउने अवसर प्रदान गर्दै आएको छ। यस दिनलाई केवल उत्सव मात्र नभई मानसिक ताजगी, नयाँ योजना र जीवनमा सकारात्मक परिवर्तनको अवसरका रूपमा समेत लिइन्छ।
निष्कर्षमा, विक्रम संवत् २०८३ को प्रारम्भ नेपाली समाजको सांस्कृतिक एकता, ऐतिहासिक परम्परा र आधुनिक जीवनशैलीको संगम हो। नयाँ वर्षले हरेक नेपालीलाई विगतका अनुभवबाट सिक्दै उज्ज्वल भविष्यतर्फ अघि बढ्ने प्रेरणा प्रदान गरेको छ। उत्साह, उमङ्ग र आशासहित देशभर मनाइएको यो पर्व वास्तवमै नेपाली जीवनको एक महत्वपूर्ण पहिचान बनेको छ।

## जेन–जी...

अनुसार यस्ता प्रतिवेदन लुकाइँदा वा ढिलाइ गरिँदा न्यायप्रतिको विश्वास कमजोर हुने र पीडित पक्षले न्याय नपाउने अवस्था सिर्जना हुन सक्छ।
उनीहरूले आयोगलाई स्वतन्त्र र निष्पक्ष संवैधानिक निकायको रूपमा आफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गर्दै प्रतिवेदनलाई सार्वजनिक दस्तावेजका रूपमा छिटो जारी गर्नुपर्ने माग दोहोर्याएका छन्। साथै, माग सम्बोधन नभएमा थप आन्दोलन र दबाबमूलक कार्यक्रम अघि बढाउने चेतावनीसमेत दिएका छन्।
मानव अधिकार आयोगले भने हालसम्म प्रतिवेदन सार्वजनिक गर्ने मिति वा प्रक्रियाबारे कुनै औपचारिक निर्णय सार्वजनिक गरेको छैन। तर अभियन्ताहरूले यस विषयलाई गम्भीर रूपमा लिएर तत्काल कदम चाल्नुपर्ने अडान राखेका छन्।

## सशस्त्र ...

ठक्कर दिएको हो। केही प्रत्यक्षदर्शीले गाडीले जानाजान जस्तो गरी ठक्कर दिएको आरोपसमेत लगाएका छन्। घटनापछि स्थानीयले प्रशासनलाई जानकारी गराएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो। तर घटनास्थलमा खटिएका प्रहरी अधिकृतले स्थानीयसँग कडा व्यवहार गरेको आरोपसमेत स्थानीयले लगाएका छन्।
प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

## भारतीय नम्बर प्लेटका सवारीमाथि प्रतिबन्धः सर्लाहीमा आन्दोलनको चेतावनी

सर्लाही, ३० चैत।
भारतीय नम्बर प्लेटका सवारी साधन सञ्चालनमा लगाइएको प्रतिबन्धको निर्णयविरुद्ध सर्लाहीमा राजनीतिक दलहरू एकजुट देखिएका छन्। सर्वदलीय बैठकले उक्त निर्णय तत्काल फिर्ता लिन सरकारसमक्ष माग गर्दै माग सम्बोधन नभए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ।
सर्वदलीय बैठकले सरकारको निर्णयले नेपाल-भारतबीच सदियौँदेखि कायम रहेको 'बेटी-रोटी' सम्बन्धमा असर पर्ने निष्कर्ष निकालेको छ। सीमावर्ती क्षेत्रका नागरिकको दैनिक जीवन, सामाजिक र आर्थिक गतिविधि प्रत्यक्ष प्रभावित हुने भन्दै तत्काल पुनर्विचार गर्नुपर्नेमा जोड दिइएको छ।
दलहरूले विगतदेखि सर्लाही क्षेत्रमा भारतीय नम्बर प्लेटका सवारी साधन ३० किलोमिटरसम्म सहज रूपमा आवतजावत गर्दै आएको उल्लेख गर्दै जिल्ला प्रशासन कार्यालयले शान्ति सुरक्षाको नाममा यो व्यवस्था रोक्न खोजेको आरोप लगाएका छन्। बिना पर्याप्त तयारी यस्तो निर्णय कार्यान्वयन गर्न खोज्नु स्थानीय जनताको हितविपरीत भएको उनीहरूको भनाइ छ।



यससँगै 'सवारी साधन सञ्चालन तथा नियमन महशुल ऐन, २०८१' कार्यान्वयन गर्ने विषय पनि विवादको केन्द्र बनेको छ। उक्त ऐनअनुसार विदेशी सवारी साधनले नेपालमा प्रवेश गर्दा दैनिक शुल्क तिर्नुपर्ने व्यवस्था छ–मोटर साइकलका लागि २०० रुपैयाँ, तीन पांग्रे सवारीका लागि ४०० रुपैयाँ र कार, जीप वा भ्यानका लागि ६०० रुपैयाँ। साथै एक आर्थिक वर्षमा अधिकतम ३० दिनसम्म मात्र सञ्चालन गर्न पाइने प्रावधान छ। निर्धारित समयभन्दा बढी नेपालमा बसेमा कडा जरिवाना र सवारी जफतसम्मको व्यवस्था गरिएको छ। यद्यपि, सर्लाहीका केही सीमावर्ती क्षेत्रमा सोही दिन फर्किने सवारीका लागि विशेष छुटको प्रावधान पनि राखिएको छ।
स्थानीय स्तरमा भने भारतीय सवारी साधन निर्वाध सञ्चालन हुँदा नेपाली नम्बर प्लेटका सवारी व्यवसायीहरू मारमा परेको गुनासो समेत उठ्दै आएको छ। यही कारण प्रशासन ऐन कार्यान्वयनमा सक्रिय देखिए पनि सर्वदलीय दबाबका कारण निर्णय कार्यान्वयन अन्योलमा परेको बताइएको छ।
सर्वदलीय मोर्चाले यो विषयलाई सीमावर्ती नागरिकको अधिकारसँग जोडिएको भन्दै सरकार गम्भीर बन्नुपर्ने चेतावनी दिएको छ। यसले सर्लाहीमा राजनीतिक र प्रशासनिक टकराव बढ्ने संकेत देखिएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।

कलैया उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने।
- चिसो पानीले नुहाउने। यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ।

महागढीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश।

# प्रहरी उपरीक्षक नरेन्द्र कुँवर: "नागरिकको विश्वास नै प्रहरीको शक्ति हो" – नागरिक सुनुवाइ कार्यक्रममा अपराध नियन्त्रणमा सहकार्यको अपिल

*३० चैत्र, निजगढ, बारा।*

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले नागरिकको विश्वास, सहयोग र सहभागिताबिना प्रभावकारी शान्ति सुरक्षा सम्भव नभएको बताउँदै समुदाय-प्रहरी साझेदारीलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिएका छन्। निजगढ नगरपालिका-९ स्थित गौरीशंकर क्याम्पसको सभाहलमा आयोजित नागरिक सुनुवाइ कार्यक्रममा प्रमुख वक्ताका रूपमा बोल्दै उनले प्रहरी एक्लैले मात्र सबै समस्या समाधान गर्न नसक्ने स्पष्ट पारे। "नागरिकको विश्वास नै प्रहरीको सबैभन्दा ठूलो शक्ति हो," उनले भने, "समाजमा देखिने अपराध नियन्त्रणका लागि समुदाय, स्थानीय निकाय र प्रहरीबीचको सहकार्य अपरिहार्य छ।"




उनले हाल बढ्दै गएको लागूऔषध दुर्व्यसन, साइबर अपराध, बैंकिङ कसुर, महिला तथा घरेलु हिंसा र ट्राफिक दुर्घटनाजस्ता समस्यालाई सामूहिक रूपमा रोक्नुपर्ने आवश्यकता औंल्याए। प्रहरी उपरीक्षक कुँवरले युवापुस्तालाई लक्षित गर्दै सचेतना अभिवृद्धि, अभिभावकको भूमिका र विद्यालय तहदेखि नै निगरानी प्रणाली बलियो बनाउनुपर्ने बताए।


कार्यक्रममा सहभागीहरूले उठाएका गुनासो र सुझावलाई गम्भीरतापूर्वक लिइने प्रतिबद्धता जनाउँदै उनले प्रहरी सेवा अझ पारदर्शी, जवाफदेही र जनमैत्री बनाउने लक्ष्य रहेको बताए। उनले कुनै पनि प्रकारको आपराधिक गतिविधि देखिएमा ढिला नगरी प्रहरीलाई सूचना दिन आग्रह पनि गरे। कार्यक्रममा प्रहरी नायब उपरीक्षक विजयराज पण्डित, सशस्त्र प्रहरी बल नेपाल विपद व्यवस्थापन बेस निजगढका प्रमुख प्र.ना.उ. मुरारी अधिकारी, जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका प्रमुख प्र.नि. दीपक केसी, इलाका प्रहरी कार्यालय निजगढका प्रमुख प्र.नि. जीवन लामिछाने लगायत स्थानीय जनप्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी तथा जेन-जी प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

करिब ८० जनाको सहभागितामा सम्पन्न उक्त नागरिक सुनुवाइ कार्यक्रम बिहान ८:०५ बजे सुरु भई ९:५० बजे समापन भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# कांग्रेसमा समानान्तर गतिविधि रोकिएन, खड्कामाथि अनुशासन कारबाहीको तयारी

**३० चैत्र , काठमाडौं ।**

नेपाली कांग्रेस भित्र क्रियाशील सदस्यता अद्यावधिक प्रक्रिया र समानान्तर गतिविधिलाई लिएर देखिएको आन्तरिक विवाद चर्किंदै गएको छ। पार्टीका पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीको लेटरहेड प्रयोग गर्दै क्रियाशील सदस्यता अद्यावधिक गर्ने निर्णयप्रति सार्वजनिक रूपमा असन्तुष्टि जनाएपछि संस्थापन पक्ष थप आक्रोशित बनेको छ।



कांग्रेस नेतृत्वले यसलाई पार्टी अनुशासनविपरीत कदम भन्दै अनुशासन समिति बैठकमार्फत कारबाहीको तयारी थालेको छ। खड्काले भने पुराना क्रियाशील सदस्यता कुनै नेताको आवेग वा निर्णयबाट खारेज गर्न नपाइने दाबी गर्दै पार्टीको ऐतिहासिक योगदान र सहिदहरूको योगदानसँग जोडिएको विषय भएकाले संवेदनशील हुनुपर्ने तर्क गरेका छन्।

यसअघि पनि खड्काले समानान्तर रूपमा बैठक बोलाउने र आधिकारिक हैसियत प्रयोग गरेर विज्ञप्ति जारी गर्ने गतिविधि गरेको भन्दै कांग्रेसभित्र विवाद उत्पन्न भएको थियो। संस्थापन पक्षले यस्ता गतिविधिले पार्टीको विधि, पद्धति र अनुशासन कमजोर बनाउने भन्दै कडा अडान लिएको छ।

अर्कोतर्फ, महामन्त्री गगन थापा समूहले सदस्यता अद्यावधिकलाई आगामी महाधिवेशनको तयारी र पार्टी संरचना व्यवस्थित गर्ने प्रक्रिया भन्दै अघि बढाइरहेको छ। यसलाई लिएर पार्टीभित्र संस्थापन र असन्तुष्ट पक्षबीच दूरी अझै बढ्ने संकेत देखिएको छ।

अनुशासन समितिको आगामी निर्णयले खड्कामाथि कारबाही हुने वा विवाद राजनीतिक संवादमै सीमित रहने भन्ने विषय तय हुने देखिएको छ।

# प्रहरी जवान हत्या प्रकरण: विवाहेतर सम्बन्धबाट सुरु भयो योजनाबद्ध हत्या

*बारा, ३० चैत।*

पर्सामा कार्यरत एक प्रहरी जवानको हत्या प्रकरणमा चौंकाउने तथ्य सार्वजनिक भएको छ। प्रारम्भिक अनुसन्धानअनुसार २८ वर्षीय प्रहरी जवान विकास चौरसियाको हत्या विवाहेतर प्रेम सम्बन्धका कारण योजनाबद्ध रूपमा गरिएको खुलेको छ।

पर्साको कालिकामाई गाउँपालिका-१ मुडली घर भई म्ष्कतचष्अत एयष्अिभ इाष्अभ क्बउतबचष मा कार्यरत चौरसियालाई आइतबार साँझ वीरगञ्ज महानगरपालिका-११ रानीघाटस्थित एक घरमा बोलाएर कुटपिट गरी हत्या गरिएको प्रहरीले जनाएको छ। घटना भारतीय महावाणिज्य दूतावास पछाडि रहेको घरमा भएको हो।



प्रहरीका अनुसार रानीघाटमा डेरा गरी बस्दै आएका रौतहटका २६ वर्षीय सन्तोष साह र उनकी पत्नी २४ वर्षीया सोनी कुमारी साहको कोठामा पुगेका बेला चौरसियामाथि आक्रमण भएको थियो। अनुसन्धानबाट चौरसिया र सोनीबीच विवाहेतर सम्बन्ध रहेको खुलेपछि श्रीमान् सन्तोष साहले पूर्वयोजना बनाएको देखिएको छ। योजना अनुसार चौरसियालाई कोठामा बोलाएर सन्तोषसहित अन्य सहयोगीहरूको मिलेमतोमा आक्रमण गरिएको थियो। घटनामा बाराको महागढी नगरपालिका-७ का १९ वर्षीय विशाल साह र भारत उत्तरप्रदेश अलीगढका २१ वर्षीय ओमवीर प्रजापति समेत संलग्न रहेको खुलेको छ। उनीहरूले फलामको रड प्रयोग गरी निर्ममतापूर्वक कुटपिट गर्दा चौरसियाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनामा संलग्न चारै जनालाई प्रहरीले घटनाकै दिन पक्राउ गरी नियन्त्रणमा लिएको छ। पर्साका प्रहरी उपरीक्षक क्गमष्उ च्बव एबतजबप का अनुसार यो हत्या पूर्ण रूपमा योजनाबद्ध रहेको प्रारम्भिक निष्कर्ष रहेको छ भने घटनाको थप अनुसन्धान जारी रहेको छ।

यस घटनाले व्यक्तिगत सम्बन्ध, अविश्वास र आक्रोशले कसरी जघन्य अपराधको रूप लिन सक्छ भन्ने गम्भीर सन्देश दिएको छ। साथै समाजमा बढ्दो आपराधिक प्रवृत्ति र नैतिक विचलनप्रति पनि चिन्ता व्यक्त गरिएको छ।

# सिम्रौनगढमा प्रहरीद्धारा रुपेश जयसवालको गोला अगाडीबाट तोरी र चनाको दाल बरामद

*संवाहक सम्वादाता-३०चैत्र, कलैया*

जिल्ला प्रहरी कार्यालय बारा अन्तर्गतको प्रहरी टोलीले बेवारिसे अवस्थामा राखिएको ठूलो परिमाणको तोरी र चनाको दाल नियन्त्रणमा लिएको छ।



प्रहरीका अनुसार मिति २०८२ चैत्र ३० गते बिहान करिब ७:३० बजे इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको विशेष टोलीले सिम्रौनगढ नगरपालिका-७ स्थित रुपेश जैशवालको घर अगाडि बेवारिसे अवस्थामा राखिएको १९ बोरा (करिब ९५० के.जी.) तोरी र ६० के.जी. चनाको दाल बरामद गरेको हो।

बरामद गरिएको सामग्रीको अनुमानित मूल्य करिब रु. १ लाख २३ हजार बराबर रहेको प्रहरीले जनाएको छ। उक्त सामान कसको हो भन्ने स्पष्ट नभएकाले आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरीले विशेष सूचनाका आधारमा उक्त कारबाही गरेको र बरामद सामग्रीको स्रोत तथा संलग्न व्यक्तिहरूको पहिचानका लागि अनुसन्धान जारी रहेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा सूचना अधिकारी प्र.ना.उ. विजयराज पण्डितका अनुसार अवैध वा बेवारिसे रूपमा राखिएको सामग्रीमाथि कडाइका साथ निगरानी बढाइएको छ र कानुनअनुसार आवश्यक कारबाही अघि बढाइनेछ।

# सशस्त्र प्रहरीको गाडीले मोटरसाइकललाई ठक्कर, एक जना घाइते

३० चैत्र, पर्सा ।

वीरगञ्जमा सशस्त्र प्रहरी बलको गाडीले मोटरसाइकललाई ठक्कर दिँदा एक जना घाइते भएका छन्। वीरगञ्ज महानगरपालिका-२२ जगरनाथपुर चोक नजिक सोमबार बिहान सशस्त्र प्रहरी बलको ना.१ झ १५३१ नम्बरको स्कार्पियो गाडीले प्रदेश २-००१-प १६२९ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको हो।




अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन निरौलाले जानकारी दिएका छन्।

स्थानीयका अनुसार ड्राइपोर्टबाट परवानीपुरतर्फ जाँदै गरेको मोटरसाइकललाई विपरीत दिशाबाट आएको सशस्त्र प्रहरीको गाडीले

बाँकी तेस्रो पृष्ठमा



तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

करैयामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

प्रसौनी गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।